आज मिति २०८०।०८।११ गते सोमवारका दिन महिला, शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना आ.व. २०७९/८०-२०८१/०८२ कार्यान्वयनका लागि जिल्ला समन्वय समिति, सिरहाका प्रमुख श्री दिनेश कुमार महतो ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसार निर्णय गरियो ।

तपसिलः-

| दस्तखत | नाम, थर | पद | कार्यालयको नाम |
|---|---|---|---|
| | श्री दिनेश कुमार महतो | प्रमुख | जिल्ला समन्वय समिति, सिरहा |
| | श्री डा. नविन कुमार यादव | नगर प्रमुख | सिरहा नगरपालिका, सिरहा |
| | श्री दिलीप कुमार लामा | उप प्रमुख | जिल्ला समन्वय समिति, सिरहा |
| | श्री राजेन्द्रदेव पाण्डे | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| | श्री टेकुनन्द इवा लिम्बु | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, सिरहा |
| | श्री नरेश कुमार यादव | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, सिरहा |
| | श्री शशि कुमार यादव | इकाई प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, सिरहा |
| | श्री दिपेन्द्र कुमार यादव | कार्यालय प्रमुख | घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा |
| | श्री कृष्णदेव यादव | कार्यालय प्रमुख | जिल्ला स्वास्थ्य कार्यालय, सिरहा |
| | श्री द्रोपती कुमारी यादव | जि.स.अ | जिल्ला समन्वय समितिको का.सिरहा |
| आमन्त्रित | | | |
| | श्री शिव नारायण सिंह | खरिदार | जिल्ला समन्वय समितिको कार्यालय, सिरहा |
| | श्री विक्रम कुमार साह | स.क.अ. | जिल्ला समन्वय समितिको कार्यालय, सिरहा |

प्रस्तावहरुः-

१. जिल्ला निर्देशक समिति गठन सम्बन्धमा ।

२. कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा महिला, शान्ति तथा सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को कार्यान्वयनका लागि जिल्ला समन्वय समिति, सिरहा प्रमुख श्री दिनेश कुमार महतो ज्यूको संयोजकत्वमा तपसिल बमोजिमको जिल्ला निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

| | | |
|---|---|---|
| संयोजक | : | जिल्ला समन्वय समिति प्रमुख |
| सह-संयोजक | : | जिल्ला समन्वय समितिका उपप्रमुख |
| सदस्य | : | स्थानीय तहका प्रमुख/अध्यक्ष |
| सदस्य | : | जिल्ला प्रशासन कार्यालयका स.प्र.जि.अ./अधिकृत प्रतिनिधि |
| सदस्य | : | जिल्ला प्रहरी कार्यालयका प्रमखु |
| सदस्य | : | शिक्षा विकास तथा समन्वय इकाई प्रमुख |
| सदस्य | : | जिल्ला स्वास्थ्य कार्यालय प्रमुख |
| सदस्य | : | घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख |
| सदस्य | : | महिला अधिकारको क्षेत्रमा क्रियाशिल महिलाहरुमध्येबाट (संयोजकले तोकेको) ५ (पाँच) जना |
| सदस्य सचिव | : | जिल्ला समन्वय अधिकारी |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा महिला, शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना आ.व. २०७९/८०-२०८१/८२ को दफा १२.५ बमोजिम कार्ययोजना कार्यान्वयन स्थानीय समिति २०८० मंसिर मसान्तभित्र गठन गरी जिल्ला निर्देशक समितिलाई जानकारी गराउने निर्णय गरियो।